# फाल्गुनन्द गाउँपालिकाको
# गाउँ सभाको १३ औं अधिवेशनमा

## उपाध्यक्ष श्री ठाकुर सिं नेम्बाङले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८०/०८१ को बजेट बक्तव्य

फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर

**गाउँसभाको अध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु,**

**तथा उपस्थित सम्पुर्ण महानुभावहरु,**

१. नेपालको संविधान २०७२ बमोजिम संघिय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्धारा नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको अभिलाषा पुरा गर्ने उद्देश्यका साथ संघ, प्रदेश र स्थानीय तहको सरकारले आफ्नो ७ वर्षे कार्यकाल पुरा गरिसेकेको छ । २०७९ बैशाख ३० गते स्थानिय तहको दोस्रो निर्वाचन सम्पन्न भई स्थानिय सरकारको दोस्रो कार्याकालको सुरुवाति चरणमा फाल्गुनन्द गाउँपालिका पाँचथरको यो तेह्रौ गाउँसभामा हामी उपस्थित भएका छौ । संविधान बमोजिम गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०८०/०८१ को आय र व्ययको विवरण प्रस्तुत गर्न पाउँदा खुशीको अनुभुति गरेको छु ।

२. यस गौरवपूर्ण अवसरमा जनआन्दोलन जनयुद्ध लगायतका राजनैतिक अधिकार प्राप्तीका लागी भएका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको लागि कामना गर्दै वेपत्ता भएका नागरीकहरु प्रति सम्मानपूर्वक नमन गर्न चाहान्छु । साथै मुलुकको राजनैतिक आर्थिक एवम् सामाजिक परिवर्तनमा यूगान्तकारी रुपले नेतृत्वदायी भुमीका खेल्नु हुने भहानुभावहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

३. लोकतन्त्र प्राप्ति र संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका आन्दोलन, राजनैतिक क्रान्ति एवम् संघर्षलाई स्मरण गर्दै जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्ने शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

४. संविधानबाट प्राप्त अधिकार, अनुसूची ८ मा भएको संवैधानिक व्यवस्था अनुरुपका २२ प्रकारका स्थानिय तहको अधिकार अनुसार स्थानिय सरकारको नीति तथा कार्यक्रम, ऐन, नियम, योजना तर्जुमा तथा बजेट व्यवस्था गर्ने जिम्मेवारी एवम् कर्तव्य स्थानिय सरकारको हो । सम्पुर्ण फाल्गुनन्द गाउँपालिकाबासीहरुमा सुशासन विकास र समृद्धिको प्रत्याभुति गराउने, जनताको सुख र समृद्धिको लागि योजनाबद्ध विकासका लागि आ.ब. २०८०/०८१ को गाउँपालिकाको समग्र नीति तथा कार्यक्रम एवम् बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याउने ऐतिहासिक दिनमा हामी उपस्थित भएका छौ ।

५. संघिय लोकतान्त्रिक गणतन्त्रले हामीलाई दिगो शान्ति, स्थायित्व, विकास, समृद्धि, सामाजिक व्याय र समाजवाद तर्फ अघि बढने आधार दिएको छ । आम फाल्गुनन्दबासीको परिवर्तनको चाहाना एवम् विकास र समृद्धिको सपनालाई सार्थक बनाउने सम्भावनाको ढोका खोलेको छ । यो बजेट नीति, तथा कार्यक्रम मार्फत गाउँपालिकाले अवलम्बन गरेको समृद्ध र नमुना फाल्गुनन्द गाउँपालिका निर्माणको

आधारशिला निर्माण गर्न सामाजिक न्याय सहितको बहुआयमिक विकासलाई तीव्र रुपमा अगाडी बढाउने जमर्को गरिएको छ ।

६. नेपालको संविधान २०७२ मा भएको व्यवस्था बमोजिम स्थानिय सरकारको क्षेत्राधिकार अनुरुप वित्तीय संघियतालाई प्रभावकारी र दिगो बनाउन सम्भाव्य स्रोतको परिचालन, दक्षतापुर्ण बाँडफाँट तथा उच्चतम उपयोग गर्न विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनको त्रिकोणात्मक संयोजन कायम गर्नु परेको छ । आर्थिक तथा सामाजिक पुर्वाधारको विकास गर्दै गरिवीको रेखामुनि रहेका एवं विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ, जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न उपलब्ध स्रोत र साधनलाई उच्चतम उपयोग गर्ने प्रयास गरिएको छ ।

७. आगामी वर्षको बजेट तयार गर्दा नेपालको संविधान, गाउँपालिकाको आवधिक योजना, आवधिक योजनाले राखेको दिर्घकालीन सोच, पन्ध्रौ योजना, दिगो विकासको लक्ष्य, फाल्गुनन्द गाउँपालिकाको दोस्रो स्थानिय सरकार गठन सँगै तयार पारिएको न्युनतम साझा कार्यक्रमलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु । समाजमा रहेका सामाजिक, आर्थिक, लैङगिक लगायत सबै प्रकारका विभेद तथा कुरितिको अन्त्य गर्दै गाउँपालिकाको विकास, समृद्धि र सामाजिक न्यायलाई केन्द्रविन्दुमा राखी समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने उद्देश्यबाट बजेट निर्देशित भएको छ ।

८. गाउँसभाको यस अधिवेशनमा पेश भएको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता उपर भएको छलफलमा गाउँसभाका सदस्यहरुबाट प्राप्त सुझाव, राजनीतिक दल, स्थानिय बुद्धिजिवी, शिक्षाकर्मी, पेशाविद, निजी क्षेत्र, उद्योगी व्यवसायी, सञ्चार कर्मी र आम नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई समेत बजेट तर्जुमा गर्दा महत्व दिएको छु।

**गाउँसभाका अध्यक्ष ज्यू,**

९. अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्न चाहान्छुः

क. विपद तथा प्रकोप व्यवस्थापन : सवै प्रकारका विपद तथा महामारीजन्य प्रकोपबाट जीवन रक्षा र विपदको न्यूनीकरण एवं व्यवस्थापन गर्दै गाउँपालिकाका नागरीकको जनजीवनलाई सुरक्षित बनाउने ।

ख. स्थानीय अर्थतन्त्रको विकास र विस्तार : संघ र प्रदेश सरकारको विकास सम्वन्धी सोच लक्ष्य र उदेश्यसँग तादाम्यता कायम गरी अन्तर सरकार, सहकारी, निजी क्षेत्र र नागरिक समाजसँग समन्वय सहयोग र सहकार्यको माध्यमद्धारा स्थानीय अर्थतन्त्रको विकास र विकास गरी समृद्धिको आधार तयार गर्ने ।

ग. बाँझो जग्गाको उपयोग र व्यवस्थापन : गाउँपालिका भित्र लगतार दुई वर्ष सम्म कुनै पनि प्रकारको खेतीपाती नगरी बाँझो राखिएको जग्गालाई प्रयोगमा ल्याई

कृषी प्रवर्द्धमा जोड दिने । कृषी व्यावसायी, कृषी सहकारी तथा कृषी सम्वन्धी संघ संस्थाहरुलाई अनुदानको व्यवस्था गरी कृषी उत्पादनमा प्रोत्साहन गर्ने ।

घ. उत्पादानमूलक, जलवायु तथा विपद उत्थानशिल पूर्वाधार : भू-उपयोग योजनाका आधारमा वस्ती तथा भौतीक विकास योजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिवृद्धि गरिनुका साथै पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन र आयमूलक क्षेत्रमा जोड दिइ रिचार्ज पोखरी पहिरो नियन्त्रण जस्ता जलवायु अनुकूलन आयोजनालाई विषेश प्राथमिकता दिने एवं संरचना निर्माण गर्दा वातावरण संरक्षण सम्वन्धी कानुन अनुसार वायो ईन्जिनियरिङ प्रविधिको अनुसरण गर्ने ।

ङ. योजनावद्ध पूर्वाधार विकास : गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना तथा खानेपानी तथा पूर्वाधार विकास सम्वन्धी तयार गरिएको विस्तृत परियोजना प्रतिवेदनको आधारमा बजेट व्यावस्थापन गरी दिगो विकास गर्ने ।

च. प्रभावकारी सेवा प्रवाह : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था लगायत गाउँपालिका क्षेत्रभित्र कार्यरत निजी तथा सरकारी एवं गैर सरकारी संघ संस्थाबाट प्रदान गरिने सेवा प्रवाहलाई सरलीकृत गरी थप व्यवस्थित र प्रभावकारी बनाउने ।

छ. साझेदारी र सहकार्य : गाउँपालिकामा कार्यरत गैर सरकारी संघ संस्थाहरुसँग आवश्यक्ताको पहिचान गरी पूर्वाधार विकास नागरीक सचेतना स्वास्थ्य सेवा प्रवाह सरसफाई तथा नागरीक सशक्तिकरण जस्ता कार्यहरु साझेदारी र सहकार्यमा सञ्चालन गरिनेछ ।

ज. समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धन : गाउँपालिकाबाट सम्पादन गर्ने सेवा प्रवाह तथा कार्यहरुलाई पारदर्शी बनाउदै नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यक्ता परिपूर्ती मार्फत राज्यको लोककल्याणकारी भूमिका बढाइने छ ।

झ. सूचना तथा नतिजामा आधारीत विकास व्यावस्थापन : विकास व्यावस्थापन प्रकृयालाई सूचना, प्रमाण, तथ्य तथा ज्ञानमा आधारित एवं नतिजा मुलक बनाइने छ । यस प्रक्रियामा सूचना प्रविधि अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

ञ. आन्तरिक स्रोतको परिचालन : स्थानीय विकासलाई थप बलियो बनाउनको लागि राजश्वका दर र क्षेत्रको दायरा बढाउनका साथै वैज्ञानिक कर प्रणालीको विकास गरिने छ ।

ट. शिक्षा, स्वास्थ्य, सरसफाई तथा पोषण मार्फत मानिसको जीवन स्तरमा सुधार गर्ने ।

ठ. दिगो विकासको लक्ष्य अनुरुप भौतिक पूर्वाधारहरुको विकास गर्ने ।

ड. कृषि तथा पशुपक्षी विकासको माध्यमबाट उत्पादन वृद्धि गरी आय बढाउने।

ढ. गाउँपालिकाको आर्थिक विकासका नविनतम सम्भावना र अवसरका क्षेत्रहरुको पहिचान र प्रवर्द्धन गर्दै समग्र आर्थिक विकास र समृद्धि हासिल गर्ने ।

ण. आर्थिक तथा सामाजिक पूर्वाधारहरुको विकास गरी समृद्ध र नमुना फाल्गुनन्द गाउँपालिकाको आधार तयार गर्ने ।

त. संघ र प्रदेशसँग सहयोग समन्वय र सहाकार्य मार्फत सन्तुलित विकासमा जोड दिइनेछ ।

थ. गाउँपालिकाको शुशासण र सेवा प्रवाहमा सुधार गर्न सवै संयन्त्रलाई प्रभावकारी वनाइनेछ ।

द. सम्पूर्ण सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

ध. स्थानिय स्रोत साधनको समुचित परिचालन मार्फत दिगो, समावेशी र सामाजिक न्याय सहितको उच्च आर्थिक वृद्धि हासिल गर्ने ।

न. लैगिक तथा सामाजिक समावेशिकरणको विकास गर्ने ।

ऩ. आन्तरिक पर्यटनको विकासमा जोड दिइ आय आर्जनमा वृद्धि गर्ने ।

१०. अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्न चाहान्छु ।

क. गाउँपालिकाको रणनीतिक सडक पूर्वाधार विकास योजना सञ्चालन,

ख. गाउँपालिकाको प्रशासनिक भवनको निर्माण,

ग. पर्यटन पूर्वाधार क्षेत्रको विकास,

घ. एक घर एक धाराको नीति अनुरुप खानेपानी पूर्वाधार निर्माण,

ङ. कृषी उत्पादनमा जोड तथा कृषी अनुदान प्रोत्साहनमा कार्यक्रम सञ्चालन,

च. आधुनिक एवं प्रविधिमैत्री सेवा प्रवाहमा जोड,

छ. सामुदायीक विद्यालयका शैक्षिक गुणस्तर प्रवर्द्धन,

ज. स्वास्थ्य, खानेपानी तथा सरसफाई, पूर्वाधार विकास लगायतका क्षेत्रहरुमा प्रतिफल योग्य लगानीको वातावरण तयार गर्ने,

झ. वातावरणीय र जलवायुमैत्री भौतिक पूर्वाधारको निर्माणमा जोड दिने,

ञ. व्यवसायिक कृषि, पशुपंक्षी, मात्स्य, दुग्ध र मासुजन्य उत्पादनको विकासमा जोड दिइ फाल्गुनन्द गाउँपालिकालाई आत्मनिर्भर उन्मुख बनाउने,

ट. निर्माणाधिन तथा अधुरा आयोजनाहरुको निर्माण कार्य समयमै सम्पन्न गर्ने,

ठ. सुशासन, पारदर्शिता र सेवा प्रवाहमा गुणात्मक सुधारको लागि नविन प्रविधिहरुको प्रयोगमा जोड दिने,

ड. लक्षित वर्गको सशक्तिकरण र समाजमा स्थापित गराउने समतामुलक विकासको अवधारणाबाट कार्यक्रमहरु बनाइ कार्यान्वयन गर्ने,

ढ. रोजगारीको सिर्जना र आयमा वृद्धि गर्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिने,

ण. पर्यटन पुर्वाधारको विकासका निम्ति बृहत अध्ययन गरी गाउँपालिका भित्र रहेका पर्यटकिय क्षेत्रहरुको संरक्षण तथा विकास गर्ने,

त. गाउँपालिकाको पूर्वाधारहरुमा स्रोत परिचालन गर्न नगर विकास कोषमा गाउँपालिका शेयर स्वामित्व रहने गरी आवश्यक प्रवन्ध मिलाउने,

थ. गाउँपालिकाको सम्रग क्षेत्र (शिक्षा, स्वास्थ्य, कृषी, पर्यटन ,पूर्वाधार, खानेपानी तथा सरसफाई ) आदिको सम्भाव्यता अध्ययन गर्ने।

**अब म चालु आर्थिक वर्षको विनियोजन तथा खर्चको समिक्षा छोटकरीमा प्रस्तुत गर्न चाहान्छु ।**

११. चालु आ.व. २०७९/८० मा विनियोजित कुल बजेट रु. ६५ करोड १ लाख ९३ हजार १५ रुपैयाँ रहेकोमा जेष्ठ मसान्त सम्ममा रु. ३६ करोड ५२ लाख ६० हजार १३३ रुपैया खर्च भएको छ भने आर्थिक वर्षको अन्त्यमा ८० प्रतिशत भन्दा माथि खर्च हुने अनुमान छ ।

१२. चालु आर्थिक वर्षमा गाउँपालिकाले अनुमान गरेको राजस्व रु ५५ लाख ५० हजार लाख मध्ये जेष्ठ मसान्त सम्म रु. २३ लाख ८६ हजार ५०५ रुपैया संकलन भएको छ भने आर्थिक वर्षको अन्त्यमा रु. ३५ लाख संकलन हुने अनुमान छ ।

**आदरणीय सभाका सभाध्यक्ष ज्यू अव म आ. व. २०८०/०८१ को आयको प्रक्षेपण प्रस्तुत गर्न चाहान्छु ।**

१३. आगामी आर्थिक वर्ष ०८०/०८१ लागि वित्तीय परीचालन र खर्च अनुमान गर्दा वित्तीय सन्तुलन कायम गर्ने उदेश्य लिई सोही अनुरुप योजना तथा कार्यक्रमहरु तर्जुमा गरी रकम विनियोजन गरेको छु । आगामी आर्थिक वर्षको लागि कुल ५४ करोड ४९ लाख ४१ हजार ४ सय रुपैया आय प्रक्षेपण गरेको छु । गाउँपालिकाको आन्तरिक आयबाट ५५ लाख ५० हजार रुपैया प्राप्त हुने अनुमान गरेको छु। संघीय सरकारबाट राजश्व बाडफाड वापत ८ करोड ५८ लाख ३३ हजार ४ सय रुपैया संघीय वित्तीय समानीकरण वापत ९ करोड ८८ लाख, संघीय सशर्त अनुदान बापत २९ करोड ९३ लाख र संघीय समपुरक अनुदान वापत ५० लाख र संघीय विशेष अनुदान वापत रु ७५ लाख प्राप्त भएको छ भने प्रदेश सरकारबाट राजश्य बाँडफाड वापत ३६ लाख ६२ हजार, वितीय समानीकरण वापत ६० लाख ४७ हजार, प्रदेश सशर्त अनुदान वापत १ करोड ८२ लाख ४९ हजार, प्रदेश समपुरक अनुदान वापत १ करोड बजेट प्राप्त भएको छ । त्यस्तै गाउँपालिकाको मौज्दाता तर्फ १ करोड ५० लाख रहने अनुमान गरेको छु ।

**अब म आगामी आर्थिक वर्षको गाउँपालिकाको बजेटमा रहेका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछुः**

**शिक्षा,**

१. फाल्गुनन्द गाउँपालिकामा पठन पाठन भइरहेको मातृभाषा शिक्षालाई थप विस्तार, अनुगमनलाई प्रभावकारी र व्यवस्थित गर्दै लगिनेछ । हाल कार्यरत भाषा शिक्षकहरुको मनोबल उच्च बनाई नतिजामुलक पठन पाठनमा हौसला प्रदान गर्न आवश्यक तालीमको सञ्चालन गरिनेछ । मातृभाषा शिक्षकको लागि **यसका लागि रु. ५० लाख विनियोजन गरेको छु ।**

२. नेपालको संविधान प्रदत्त स्थानिय तहको अधिकार क्षेत्रभित्र पर्ने आधारभूत तहको शिक्षालाई गुणस्तरीय तथा सर्वसुलभ बनाउन कक्षा ८ को परिक्षालाई गाउँपालिका स्तरीय बनाउने र सामुदायिक विद्यालयहरुमा शैक्षिक सवलिकरण कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि **रु. ८ लाख विनियोजन गरेको छु ।**

३. सामुदायिक विद्यालयहरुमा पठनपाठन गर्नका लागि स्थानिय पाठ्यक्रम निर्माण गर्न र मातृभाषाको पाठ्यपुस्तक व्यवस्थापनको लागि अनुदान उपलब्ध गराउन आवश्यक रु ४ लाख विनियोजन गरेको छु ।

४. सामुदायिक विद्यालयका उत्कृष्ठ अभिभावक, प्रअ र शिक्षकहरुलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिएको छु । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५. प्रअ तथा शिक्षकहरुको नियमित बैठक सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । शिक्षकहरुको क्षमता विकास तालिम र प्रश्नपत्र निर्माणको लागि तालिम सञ्चालन गर्न आवश्यक रु ३ लाख ५० हाजार विनियोजन गरेको छु ।

६. विद्यालय सकाहरुको न्यूनतम पारिश्रमीक प्रदान गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**स्वास्थ्य तथा आयुर्वेद सेवा,**

७. गाउँपालिका भित्रका स्वास्थ्य चौकीहरुबाट प्रदान भइरहेको प्रसुति सेवालाई भरपर्दो र विश्वासिलो बनाउन सबै प्रसुति केन्द्रहरुलाई सुदृणीकरण गर्ने कार्यलाई निरन्तरता दिएको छु । यसका लागि विशेष अनुदान मार्फत रु. **७५ लाख विनियोजन गरेको छु ।**

८. गाउँपालिकाबासी आम नागरिकहरुको स्वास्थ्य उपचारमा सहयोग गर्नको लागि विपन्नताको आधारमा वडा कार्यालयबाट सिफारिस बमोजिम आकस्मिक कोषको स्थापना गरि **रु. २५ लाख विनियोजन गरेको छु । सहायता** प्राप्त गर्ने नागरिकहरुलाई स्वास्थ्य विमामा आवद्ध हुन अभिप्रेरित गर्दै लगिनेछ ।

९. गाउँपालिका भित्र रहनु भएका दिर्घरोगीहरु किड्नी समस्या भइ डायलसिस गरिरहेका, क्यान्सर विरामी तथा मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई नेपाल सरकारले तोके बमोजिम मासिक रकम अग्रीम भुक्तानी गर्न **रु. १५ लाख विनियोजन गरेको छु ।**

१०. गाउँपालिकामा स्वास्थ्य सेवालाई घर घर सम्म पुर्याउन महत्वपूर्ण भूमिका खेलिरहनु भएका आयुर्वेद तथा स्वास्थ्य तर्फका राष्ट्रिय महिला स्वयंसेविकाहरुको कामको प्रसंशा गर्दै थप प्रोत्साहन गर्दै लगिने छ । निजहरुलाई गाउँपालिकाको तर्फबाट प्रोत्साहन स्वरुप वार्षिक रुपमा दिदै आइरहेको जनही रु. १० हजार भत्तालाई निरन्तरता दिएको छु । यसका लागि **रु. ६ लाख ४८ हजार विनियोजन गरेको छु ।**

११. गाउँपालिकाका प्रत्येक परिवारलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध हुन अभिप्रेरित गरिनेछ । अति विपन्न र नेपाल सरकारको सेवा सुविधा नपाउने अपाङ्गता भएका व्यक्तिहरुको निशूल्क स्वास्थ्य विमा गर्ने व्यवस्था मिलाइनेछ । आगामी आर्थिक वर्षमा प्रत्येक वडाबाट ३०/३० जनाको निशूल्क स्वास्थ्य विमा गरिनेछ । यसका लागि आवश्यक बजेट **रु. ८ लाख विनियोजन गरेको छु ।**

१२. बालबालिका, किशोर किशोरी तथा सुनौला हजार दिने आमाहरुलाई कुपोषण हुन नदिन तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन भइरहेको बहु क्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइएको छु । यसमा थप गाउँपालिकाको तर्फबाट साझेदारीका रुपमा **रु. ५ लाख विनियोजन गरेको छु ।**

१३. गाउँपालिकामा रहेका स्वास्थ्य चौकीहरुबाट हुने सेवालाई सर्वसुलभ र विश्वसनिय बनाउन स्वास्थ्यकर्मी तथा महिला स्वयं सेविकाहरुको लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ । यसका लागि **रु. ३ लाख ५० हजार विनियोजन गरेको छु ।**

१४. स्वास्थ्य चौकीमा रहेको प्रसुति केन्द्रहरुलाई सुदृढीकरण गर्दै लगिनेछ । यसका निम्ति स्वास्थ्य चौकीहरुमा दक्षता प्राप्त अनमीहरुको व्यवस्था गरिनेछ । यसका लागि **SBA** तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१५. गाउँपालिका भित्र रहेका आम नागरिकहरुको स्वास्थ्य उपचारलाई सहज र सरल बनाउन स्वास्थ्य चौकीहरुबाट निशूल्क औषधि वितरणको लागि आवश्यक बजेट **रु ११ लाख ५० विनियोजन गरेको छु ।**

१६. स्वास्थ्य क्षेत्रलाई वैकल्पिक चिकित्साको माध्यमबाट थप सुरक्षित र भरपर्दो बनाउन आयुर्वेद स्वास्थ्य सेवा मार्फत समेत गाउँघर क्लिनिक र उपचार सेवालाई विस्तार गर्दै लगिने छ । यसका लागि आयुर्वेद सेवा शाखालाई आवश्यक **रु. १० लाख विनियोजन गरेको छु ।**

**कृषि तथा पशुपंछि विकास,**

१७. विद्यमान सिँचाइ प्रणालीको स्तरोन्नति,आधुनिक तथा वैकल्पिक सिँचाई प्रविधिको प्रयोग गरी खेतीयोग्य क्षेत्रहरुमा नियमित रुपमा सिँचाइ सुविधा र नयाँ क्षेत्रहरुमा सिँचाइ सेवा

उपलब्ध गरी खेति विस्तार गर्न साना सिंचाइका लागि **रु. ६ करोड ५० लाख विनियोजन गरेको छु ।**

१८. गाउँपालिका भित्र रहेका व्यावसायिक र विभिन्न सरकारी निकायमा दर्ता भएका कृषि फर्म, कृषक समुह, कृषि सहकारी आदीलाई प्रोत्साहन गर्न कृषिका आधुनिक प्रविधि तथा यन्त्र-उपकरण वितरण कार्यको लागि रु ३ लाख २० हजार विनियोजन गरेको छु ।

१९. फाल्गुनन्द गाउँपालिका भित्र खेती भइरहेका उच्च प्रतिफल दिने प्रचुर संम्भावना भएका अलैची, अकवरे खोर्सानी, सुन्तला, किवी, आलु आदी खेतीको विस्तारमा उच्च प्राथमित्तामा दिई उत्पादनमा जोड दिइनेछ भने कृषकहरुलाई उन्नच विउ, विजन, रसायनिक मल, कृषी औंजार वितरणमा अनुदानका लागि रु. ५ लाख विनियोजन गरेको छु ।

२०. कृषि बालीमा लाग्ने प्रमुख रोग किराबाट हुने क्षतिलाई समयमै नियन्त्रण गर्न र नोक्सानी न्यूनीकरण गर्न औषधी र विषादी खरिद गरी अनुदानमा वितरण गर्न आवश्यक रु १० लाख विनियोजन गरेको छु ।

२१. कृषकको क्षमता विकास गरि कृषि उत्पादन तर्फ आत्मनिर्भर बनाउन आवश्यकता अनुसार विभिन्न तालिम सञ्चालन गरि सक्षम जनशक्ति उत्पादन गर्ने र कृषकको जिवनस्तर उकास्न विभिन्न सामाग्रि वितरण गर्ने कार्यको लागि रु ३ लाख विनियोजन गरेको छु।

२२. गाउँपालिका भित्रका रैथाने बाली संरक्षण, कोदो खेती प्रवर्धन र तेलहन (तोरी) बाली प्रवर्धन कार्यक्रमका लागि रु. ९ लाख विनियोजन गरेको छु ।

२३. बाजो जमिनलाई उत्पादनको क्षेत्र बनाउन फलफुल रोपण कार्यक्रम र कृषक पाठशाला सञ्चालन गरी कृषि उत्पादन बढाउनका लागि आवश्यक रु. ६ लाख विनियोजन गरेको छु ।

२४. आगामी आ.व. २०८०/८१ मा गाउँपालिकामा कपास खेती र कफि खेतीको क्षेत्र पहिचान गरी उत्पादन गर्नका लागि तालिम, प्रविधि हस्तान्तरण तथा खेती प्रवर्धनका लागि आवश्यक रु. ५ लाख विनियोजन गरेको छु ।

२५. शुपन्छीमा देखिएको लम्पी स्किन रोग लगायत महामारी जन्य रोगहरुको निदानका लागि खोप खरिद गर्न रु. १० लाख विनियोजन गरेको छु ।

२६. गाउँपालिका भित्रका कृषकहरुको पशुपन्छी पालन व्यावसायलाई थप प्रवर्धन गर्दै आधुनिक बनाउदै जानका लागि काउ म्याट सहितको गोठ सुधार कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि आवश्यक रु. १० लाख ५ हजार विनियोजन गरेको छु ।

२७. गाउँपालिकामा प्रचुर सम्भावना भएको गाइ पालन कार्यलाई प्रोत्साहन गर्न प्रदेश सरकारको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि आवश्यक रु ३० लाख विनियोजन गरेको छु ।

२८. पशु प्रजनन सेवा मार्फत उन्नत जातका नश्लको विकास तथा विस्तार सवै वडाहरुमा कृत्रिम गर्भाधान सेवा लाई निरन्तरको कार्यगरी उत्पादन बृद्दी कार्यक्रम सञ्चालन गरिने छ । पशुपन्छी बजार प्रवर्धन तथा पशु प्रजनन सेवा कार्य तर्फ आवस्यक रकम रु ५ लाख विनियोजन गरेको छु ।

२९. फाल्गुनन्द गाउँपालिका भित्र पशु स्वास्थ्य नियमन कार्यक्रम रोग निदान सेवा तथा पशु पन्छीका लागि अत्यावस्यक औषदि खोप सेवा लाई निरन्तरता दिँदै सवै वडामा निःशुल्क प्रदान गर्न आवस्यक रकम रु. ५ लाख विनियोजन गरेको छु ।

३०. कृषिमा उत्पादनलाई आधुनिकीकरण गर्दै नयाँ प्रविधि सहित क्षमता अभिवृद्धि गर्दै लगिनेछ । आम फाल्गुनन्द गाउँपालिकाबासी नागरिकहरुको आय आर्जन वृद्धि गर्नमा योगदान पुर्याउन क्षमता अभिवृद्धि तथा तालिमहरु सञ्चालन गरिनेछन् । यसका लागि क्षमता अभिवृद्धि तथा तालिम सञ्चालनका लागि रु. ४ लाख ५० हजार विनियोजन गरेको छु ।

३१. कृषक तथा पशुपालनमा संलग्न कृषकहरुलाई गाउँपालिकाले प्रोत्साहन गर्दै उनीहरुको लगानीको आधारमा वर्गिकरण गरी पहिचान गर्दै आर्थिक वर्ष २०८०/०८१ भित्र कृषक परिचयपत्र वितरण गरि पशु सुत्केरी स्याहार खर्च वितरण गरिनेछ । यसका लागि रु. ३ लाख ५० हजार विनियोजन गरेको छु ।

**पुर्वाधार विकासः**

**३२.** फाल्गुनन्द गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागि आवश्यक वजेट **रु. २ करोड विनियोजन गरेको छु ।**

**३३.** सामरिक महत्व बोकेको गेलिभञ्ज्याङ चिलिङदिन फाक्तेप आङसराङ मेहेलबोटे सडक स्तरोन्नती गर्ने कार्यालाई निरन्तरता दिएको छु । यसका लागि प्रदेश सरकारको समपुरक कोष मार्फत **रु ६५ लाख विनियोजन गरेको छु ।**

३४. गाउँपालिकामा गत तथा चालु आर्थिक वर्षमा निर्माणाधिन तथा अधुरा योजना सत्यहाङमा माविको निर्माणाधिन भवन पुर्णता दिन **रु. ४० लाख विनियोजन गरेको छु ।**

३५. प्रदेश तथा संघिय सरकारबाट प्राप्त भएका आयोजनाहरुको लागत साझेदारी गर्न तथा म्याचिङ फण्ड स्थापनाका लागि समपुरक कोषमा **रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।**

३६. गाउँपालिकाका सबै वडा कार्यालयहरुबाट गाउँपालिकाको कार्यालय सम्म जाने बाटोलाई अलवेदर चल्ने गरी स्तरोन्ती सोलिङ ग्राभेल लगायत गर्ने कार्यलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ । यसका लागि **रु. ३५ लाख विनियोजन गरेको छु ।**

३७. गाउँपालिकाका एक वडाबाट अर्को वडामा जाने बाटो स्तरोन्नती गरी अलवेदर चल्ने गरी स्तरउन्नती सोलिङ ग्राभेल लगायत कार्यलाई जोड दिइनेछ । यसका लागि अन्तर वडा जोड्ने रणनीतिक योजनाको लागि **रु. २५ लाख विनियोजन गरेको छु ।**

३८. गाउँपालिका भित्रका घाटहरुको संरक्षण गर्ने तथा आधुनिक घाट व्यवस्थापन गरी सहज बनाइदै लगिनेछ । यसका लागि आर्थिक वर्ष २०८०/०८१ मा २ वटा घाट निर्माण गर्न आवश्यक **बजेट विनियोजन गररेको छु ।**

३९. गत विगतमा बाढी, पहिरो तथा आगोलागी भई पुर्ण क्षति भएका घरहरुको पुन निर्माणको लागि गाउँपालिकाको साझेदारीको हिस्साको लागि हुन आउने रकम **रु. २० लाख विनियोजन गरेको छु ।** यसबाट चालु आ.व. २०८०/८१ मा ५० वटा घरको पुन निर्माण हुने अपेक्षा लिएको छु ।

**४०.** नवमीडाँडा श्री सिद्धेश्वरी माविको खेल मैदानलाई रंगशालामा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिएको छु । यसका लागि संघीय समपुरक अनुदान सँग साझेदारीमा निर्माण कार्यलाई अघी बढाउन **रु ५० लाख विनियोजन गरेको छु ।**

४१. आङसराङ श्री ज्योती माविको खेल मैदानलाई स्तरोन्तती गरी खेलकुद पूर्वाधार निर्माण गर्न संघीय सरकारसँग साझेदारीमा **रु १५ लाख विनियोजन गरेको छु ।**

४२. गाउँपालिकाका फलाटे खहरे, चारघरे, छ्यागु हङसेटार र विजयटार सन्दवा झोलुङ्गे पुल निर्माण निरन्तरता तथा निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**पर्यटनः**

४३. नामसामी केसामी सेहोनाम्लाङ क्षेत्रको प्रवर्द्धन गरी पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न पहल गरिनेछ । यसका लागि बृहत अध्ययन गरुयोजना निर्माण गर्न **आवश्यक विनियोजन गरेको छु ।**

४४. सहिदहरुको सम्झना र सम्मानमा फाल्गुनन्द-४ पुरानो पञ्चमीमा स्मृति पार्क निर्माण गरिनेछ । यसका लागि आवश्यक **बजेट विनियोजन गरेको छु ।**

४५. धार्मिक पर्यटन क्षेत्रको रुपमा विस्तार गर्न ऐतिहासिक किरात युमा तिगेजङना नामसामी केसामी हाङसाम माङ्हिम, किरात हाङसाम युमा माङहिम, नामसामी केसामी, बाराह क्षेत्र, साप्सु लगायतका धार्मिक क्षेत्रहरुको विकास र संरक्षण गर्न **आवश्यक बजेट विनियोजन गरेको छु ।**

४६. **गाउँपालिकाको** पर्यटकिय क्षेत्र बतिसे झरनालाई महत्वपुर्ण पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ । DPR को आधारमा आगामी आ.व. २०८०/८१ देखि क्रमागत विकास गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**लक्षित कार्यक्रम तर्फः**

४७. फाल्गुनन्द गाउँपालिका विभिन्न जनजाती, भेषभुषा, भाषा, धर्म साँस्कृतिक विविधताले युक्त गाउँपालिका हो । यहाँ रहेको कला संस्कृतिको उजागर गरेर ऐतिहासिक रुपमा संरक्षण र संबर्धन गर्दै लगिनेछ । **यसका लागि विधिन्न तालिम तथा सांस्कृतिक पुनर्जागरण कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख विनियोजन गरेको छु ।**

४८. राज्यको मुल प्रवाह भन्दा बाहिर रहेर अवसरबाट बञ्चित गरी पछाडि पारिएका दलित तथा अल्पसंख्यक नागरिकहरुको सशक्तिकरण गर्दै राज्यको मुल प्रवाहमा समावेश गर्दै लगिनेछ । यसका लागि तालिम तथा जनचेतामुलक कार्यक्रम तथा सामाग्री वितरणमा **रु. ३ लाख विनियोजन गरेको छु ।**

४९. समाजमा रहेका जेष्ठ नागरिकहरुलाई सम्मान गरौं उनीहरुको जीवन यापनमा सहयोग पुर्‍याउ भन्ने मुल अभिप्रायका साथ जेष्ठ नागरिकहरुको सम्मान तथा प्रोत्साहनका लागि कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि **रु. २ लाख विनियोजन गरेको छु ।**

५०. फाल्गुनन्द गाउँपालिका सबै जातजाती तथा समुदायका नागरिकहरुको साझा फुलबारीको रुपमा स्विकार गरिएको छ । गाउँपालिकामा भित्र बसोबास गरि रहनु भएका खस आर्य समुदायको संस्कृति संबर्धनका लागि **रु. २ लाख ५० हजार विनियोजन गरेको छु ।**

५१. अपाङ्गाता भएका व्यक्तिहरुको सामाजिक सुरक्षा र क्षमता अविबृद्धि गर्दै उनीहरुको हक र अधिकार स्थापित गर्दै लगिनेछ । यसका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न **रु. ३ लाख विनियोजन गरेको छु ।**

५२. प्रदेश सरकार, गाउँपालिकाको साझेदारी र करुणा फाउण्डेशन नेपालको प्राविधिक सहयोगमा सञ्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसका लागि गाउँपालिकाको साझेदारीको लागि **रु. २१ लाख विनियोजन गरेको छु ।**

५३. **महिला** तथा वालबालिकाहरुको जीवन यापनमा सहजता ल्याउन र जीविकोपार्जनलाई थप टेवा पुर्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका लागि महिला, वालबालिका तथा समाजकल्याण शाखालाई एकमुष्ट रु १० लाख विनियोजन गरेको छु ।

**न्यायिक समितिः**

**५४.** संविधानले दिएको अधिकारको प्रयोग गर्दै गाउँपालिका भित्रका न्यायिक समितिको अधिकार क्षेत्र भित्रका न्यायिक निरुपणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**५५.** गाउँपालिकामा न्यायिक निरुपणको प्रकृया र कानून सम्बन्धी सामान्य जानकारी प्रदान गर्न कानूनी सचेतना तालिम सञ्चालनका लागि रु ३ लाख ३० हजार विनियोजन गरेको छु ।

**५६.** **प्रत्येक** वडाका विवाद तथा न्यायिक निरुपणका कार्यहरु वडस्तरीय मेलमिलाप केन्द्रहरुको सुदृणीकरुण गरी क्षमता विकास तालिम सञ्चालन गर्न आवश्यक छ । यसका लागि पुनर्ताजगी तालिम सञ्चालन गर्नका लागि आवश्यक रु ३ लाख २० हजार विनियोजन गरेको छु ।

**५७.** **वडास्तरीय** मेलमिलाप केन्द्रहरुको सञ्चालनका लागि आवश्यक सामाग्री व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छ । मेलमिलापकर्ताहरुसँग नियमित बैठक तथा अन्तरक्रिया सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**प्रकोप व्यावस्थापनः**

५८. फाल्गुनन्द गाउँपालिकामा पहिरो तथा आगोलागिजन्य विपद्को घटनाहरुको घट्ने संभावना देखिएकोले यसबाट सुरक्षित रहन विपद् प्रतिकार्य तथा उत्थानशिल योजना बनाइ कार्यान्वयन गरिनेछ । विपदबाट प्रभावित नागरिकहरुलाई सहायता गर्न प्रकोप व्यवस्थापन कोष स्थापना गरी **रु. २० लाख विनियोजन गरेको छ ।**

**खेलकुदः**

**५९.** चालु ब.व. २०७९/८० देखि सुरु भएको गाउँपालिका अध्यक्ष कप भलिबल प्रतियोगितालाई फाल्गुनन्द जन्मजयन्तीको अवसरमा आयोजना गर्ने गरि नियमितिता दिएको छ ।यसका लागि आवश्यक बजेट रु ६ लाख विनियोजन गरेको छ ।

**६०.** गाउँपालिकाका सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुको खेल भावना जगाउन तथा गाउँपालिकाको खेलकुद क्षेत्रमा योगदान पुर्याउन राष्ट्रपति रनिङ शिल्ड प्रतिइवगिता सञ्चलानको लागि रु ६ लाख विनियोजन गरेको छ ।

**६१.** गाउँपालिका भित्र सञ्चालन हुने खेलकुदलाइ प्रोत्साहन गर्न विभिन्न क्लबहरुलाई सहयोग गर्न खेलकुद सहायता कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

**सुरक्षित नागरिक आवासः**

६२. गाउँपालिका भित्रका फुसको छाना मुक्त कार्यक्रमको लागि गत विगत देखि लाभान्वित घर धुरी ५३५ को लागि कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम तथा सामी कार्यक्रमः**

**६३.** गत विगत देखि सञ्चालन भइरहेको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ । संघीय अनुदानका साथ साथै रोजगारी नीति तथा योजना तयार पार्न गाउँपालिकाको तर्फबाट आवश्यक बजेट विनियोजन गरेको छ ।

**६४.** गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसबाट गाउँपालिकामा स्वरोजगारी वृद्धि भइ आत्म निर्भरता तिर उन्मुख हुने विश्वास लिएको छ ।

**६५.** वैदेशिक रोजगारलाई सुरक्षित र लाभदायिक बनाउन गाउँपालिका भित्र रिटर्नी स्वयंसेवक परिचालन गरी वैदेशिक रोजगार सम्बन्धी जानकारीकुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**६६.** वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको सही सदुपयोग गर्न वित्तिय साक्षरता कार्यक्रम र मनोसामाजिक परामर्शबाट वैदेशिक रोजगारीमा गएका परिवारहरुलाई राय परामर्श उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएको छ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

**सुशासन प्रवर्धनः**

६७. गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन प्रशासन सुधार कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकालाई सुचना प्रविधि मैत्री बनाउन डिजिटल नागरिक वडापत्र सञ्चालनमा ल्याइनेछ । सूचना तथा जानकारीहरुलाई नागरिकहरु समक्ष पुर्याउन फेसबुक पेज तथा वेवसाइटलाई नियमित अपडेट गरिनेछ ।

६८. सेवालाई सुचना प्रविधि मैत्री बनाउन अनलाइमा आधारित सिफारिस प्रणाली तथा एकिकृत कर प्रणाली लागु गरिनेछ । सेवा विस्तारलाई घर घरमा पुर्याउन गाउँपालकाको आफ्नै मोबाइल एप्लिकेशन बनाएर कार्यान्वयनमा ल्याइनेछ ।

६९. कर्मचारी तथा जन प्रतिनिधिहरुलाई सुचना प्रविधि मैत्री बनाउन आवश्यक तालिम सञ्चालनको लागि **रु ३ लाख ५० हजार विनियोजन गरेको छु ।**

७०. स्थानीय तहको संस्थागत क्षमता मुल्याङ्कन LISA र वित्तिय सुशासन जोखिम मूल्याङ्कन FRRAP सञ्चालन गरी गाउँपालकाको सुशासन प्रवर्धनमा जोड दिइनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७१. बर्मचारीहरुको सेवालाई थप चुस्त दुरुस्त बनाउन तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

७२. कर्मचारीहरुको वृत्तिविकासका लागि कर्मचारी कल्याण कोषमा वर्षेनी कोष जम्मा गरिदै लगिनेछ । आ.व. २०८०/८१ का लागि कर्मचारी कल्याण कोषको लागि **रु ५ लाख विनियोजन गरेको छु ।**

**वडा तर्फ,**

७३. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. १ मा रु. ४० लाख विनियोजन गरेको छु ।

७४. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. २ मा रु. ३५ लाख विनियोजन गरेको छु ।

७५. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. ३ मा रु. ४० लाख विनियोजन गरेको छु ।

७६. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. ४ मा रु. ४० लाख विनियोजन गरेको छु ।

७७. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. ५ मा रु. ४० लाख विनियोजन गरेको छु ।

७८. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. ६ मा रु. ३५ लाख विनियोजन गरेको छु ।

७९. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. ७ मा रु. ३५ लाख विनियोजन गरेको छु ।

८०. फाल्गुनन्द गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति, वजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव सल्लाह तथा निर्देशन प्रदान गरी सहयोग गर्नु हुने

गाउँपालिकाका अध्यक्ष ज्यू,  वडाका जनप्रतिनिधि ज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सामाजिक व्यक्तित्व, वुद्धिजीवि समुह, कर्मचारी साथीहरु, विभिन्न शिक्षकहरु, विषयगत शाखाका शाखा प्रमुखहरु, सम्पूर्ण करदाता तथा गाउँपालिकावासी प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु ।

८१. यसै गरी नीति तथा कार्यक्रम एवं वजेटको प्रस्ताव तर्जुमा प्रक्रियामा निरन्तर कार्य गर्ने स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समितिका पदाधिकारी साथीहरु र सो को तयारीमा सहयोग पुर्याउने हुने सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

८२. कार्यक्रमको सफल  कार्यवयन्मा समुदाय, जनप्रतिनिधि तथा कर्मचारीहरुको ज्यादै ठूलो भुमिका रहेको हुन्छ । तसर्थ गाउँपालिकाले घोषणा गरेका कार्यक्रमहरुमा गाउँपालिकावासीहरुले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुर्याउने अपेक्षा लिएको छु । योजना तथा कार्यक्रमको सफल कार्यन्वयनबाट गाउँपालिकाले प्रदान गर्ने सेवामा गुणात्मक सुधार ल्याई सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । यसबाट भविश्यमा स्थानीय सरकारलाई तुलनात्मक रुपमा सुदृढ व्यवस्थित सक्षम वनाउन सकिने विश्वास लिएको छु । आर्थिक वर्ष २०८०/०८१ को नीति कार्यक्रम तथा बजेटको कार्यन्वयनमा जनप्रतिनिधि, गाउँपालिकावासी मान्यजनहरु, राजनीतिक दलका प्रतिनिधिहरु, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, कर्मचारी लगायत सवैबाट सहयोगको अपेक्षा गरेको छु ।

**अन्त्यमा**

८३. मुलुक भित्र तथा बाहिर रहनु भएका सम्पूर्ण नेपाली वुवाआमा दिदी वहिनी तथा दाजुभाईलाई सवल सक्षम समृद्ध र न्यापूर्ण गाउँपालिका निर्माणमा आ-आफ्नो ठाउँबाट योगदान गर्न आव्हान गर्दछु ।

अभिवादन/सेवारो

**श्री ठाकुर सिं नेम्बाङ**

**उपाध्यक्ष**

**फाल्गुनन्द गाउँपालिका,**

**मितिः २०८०/०३/०६**

फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फाक्लोक, पाँचथर
कोशी प्रदेश, नेपाल

मोवाईल नं. अध्यक्ष ९८४२६६१२६०
उपाध्यक्ष ९८५२६८१३७२
प्रप्रअ ९८५२६८४३८४

## आ.व. २०८०/०८१ को बजेट विवरण

| विवरण | आन्तरिक श्रोत | राजश्व बाँडफाडबाट हुने | वित्तिय सामानीकरण | सशर्त अनुदान | बिशेष अनुदान | समपुरक अनुदान | गत वर्षको अल्या | कुल बजेट | चालु | पुँजीगत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संघ | ० | ८५८३३४०० | ९८८००००० | ३०१८००००० | ७५००००० | ५०००००० | ० | ४९८९३३४०० | ३८१२४२४४० | १७६१९८९६० | |
| प्रदेश | ० | ३६६२००० | ६०४७००० | १८२४९००० | ० | १०००००००० | ० | ३७९५८००० | | | |
| स्थानीय तह | ५५५०००० | ० | ० | ० | ० | ० | १५०००००० | २०५५०००० | | | |
| जम्मा | ५५५०००० | ८९४९५४०० | १०४८४७००० | ३२००४९००० | ७५००००० | १५०००००० | १५०००००० | ५५७४४१४०० | | | |
| | | | | | | | कुल जम्मा | ५५७४४१४०० | | | |

उसव आचार्य
सुचना प्रविधि अधिकृत

निर्मल तुम्रोक
प्रमुख प्रशासकीय अधिकृत
निर्मल तुम्रोक
प्रमुख प्रशासकीय अधिकृत